**राजस्व न्यायाधिकरण काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७५।०७६ सालको निर्णय नं. १५१

पुनरावेदन नं. ९७-०७५-RB-००५७

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६५/०६६) ।**

भक्तपुर जि. भक्तपुर औद्योगिक क्षेत्र व्यासिटोल स्थित बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. (स्थायी लेखा नं. ३०००४४९७१) को तर्फबाट ऐ का अधिकार प्राप्त कन्ट्री मेनेजर सैवाल घोष...........................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, ललितपुर................................................................ १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्वय श्री सुरज श्रेष्ठ,
श्री मन्जु बुढाथोकी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजीरः ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री आनन्दराज ढकाल

शुरु कर्यालयको निर्णय मितिः-२०६९/११/१३

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।०२।३१

पुनरावेदक कम्पनीका हकमा राजस्व अनुसन्धान विभाग, हरिहरभवन समेतबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. रंगरोगन सामाग्री उत्पादन विक्री कारोबार गर्ने बर्जर जोन्सन एण्ड निकोल्शन (नेपाल) प्रा.लि. को कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१) बमोजिम कर, जरिवाना, थप दस्तुर तथा व्याज समेत जम्मा रू. २६५९९२८।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी आदेश भएको हुँदा सो आदेशानुसारको रकम दाखिला गर्न नपर्ने कुनै ठोस सबुत प्रमाण भए १५ दिनभित्र जवाफ पेश गर्न विपक्षीलाई सूचना दिन र नभए रकम दाखिला गर्ने भनी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०६९/१०/२४ मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०६९/१०/२४ मा जारी भएको सूचना करदाताले मिति २०६९/१०/२४ मा सूचना बुझी लिएको ।

३. करदाताले मिति २०६९/१०/२४ मा बुझी लिएको सूचनाको जवाफ मिति २०६९।११।०९ मा पेश गरेको ।

४. प्रारम्भिक कर निर्धारण आदेश बमोजिमकै कर रु. १२६९३०३।- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१)(क) बमोजिम लाग्ने जरिवाना रु. २५३८६१।

- तथा मू.अ.कर ऐन २०५२ बमोजिम लाग्ने व्याज र थप दस्तुर समेतको मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०६९/११/१३ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०६९/११/१५ मा जारी गरेको आ.व. २०६५/०६६ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी बर्जर जोन्सन एण्ड निकोल्शन (नेपाल) प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७०/०१/१९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. यसमा शुरू कार्यालयबाट मिति २०६९।११।१३ मा भएको कर निर्धारण आदेश कानून सम्मत हुँदा सदर हुने ठहर्छ । करदाताको निवेदन जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/२/३१ मा भएको निर्णय ।

७. विपक्षी कार्यालयबाट मिति २०६९।११।१५ मा जारी गर्नु भएको अन्तिम कर निर्धारण आदेश एवं मिति २०६९।११।१३ को निर्णय पर्चा तथा सोलाई सदर गर्ने विभागको मिति २०७५।२।३१ को निर्णय आयकर ऐन, नियम तथा मूल्य अभिवृद्धि कर प्रतिकूल हुँदा बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७५/५/२० मा पुनरावेदन पत्र दर्ता भएको ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/१२/३ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन पत्र एवं प्राप्त शुरू मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक बर्जर जोन्सन एण्ड निकोल्सन नेपाल प्रा.लि. को तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्वय श्री सुरज श्रेष्ठ र श्री मन्जु बुढाथोकीले कलर बैंक मेसिन आफ्नो उत्पादन विक्री वितरणलाई सहज एवं प्रभावकारी बनाउन थोक विक्रेताहरुसँग सम्झौता गरी स्वामित्व आफैमा रहने गरी प्रयोग गर्ने अधिकार मात्र प्रदान गरेको हो । सो

कार्यलाई deferred Sales मानी आयकर तर्फ ह्रास खर्च अमान्य गरेको र मूल्य अभिवृद्धि कर तर्फ अनुमानित विक्री कायम गरी विक्री नै नभएको सामानलाई विक्री गरेको भनी मूल्य अभिवृद्धि कर ऐन, नियमको मनसाय विपरित कर निर्धारण गरी जरिवाना, थप दस्तुर र व्याज समेत लगाएको मिलेको छैन । शुरु कार्यालयबाट भएको कर निर्धारण आदेश तथा सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत बदर गरिनुपर्दछ भनी बहस गर्नु भएको सुनियो ।

११. त्यसै गरी प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका शाखा अधिकृत श्री नगेन्द्र लम्सालले पुनरावेदक कम्पनीले थोक विक्रेताहरुसँग सम्झौता गरी रकम समेत धरौटीमा लिई कलर बैंक मेसिनको स्वामित्व हस्तान्तरण भैसकेको हुँदा आयकर तर्फ ह्रास खर्च अमान्य गरेको हो । पुनरावेदक कम्पनीको स्वामित्वमा समेत नरहेको, केही रकम समेत धरौटी लिई बाँकी रकम मासिक रुपमा लिने गरी थोक विक्रेतालाई प्रदान गरी सकेको र पुनरावेदकको मौज्दातमा समेत नरहेको अवस्था हुँदा विक्री गरेको मानी मूल्य अभिवृद्धि कर निर्धारण गरी सोमा व्याज, थप दस्तुर र जरिवाना समेत लगाउने गरी भएको कर कार्यालयको निर्णय मनासिव हुँदा सदर गरिनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

१२. पुनरावेदक कम्पनीको तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा विपक्षी कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत छ, छैन र पुनरावेदक कम्पनीको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१३. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक बर्जर जोन्सन एण्ड निकोल्सन नेपाल प्रा.लि. ले आफ्नो उत्पादन विक्री वितरणलाई सहज र प्रभावकारी बनाउन कलर बैंक मेसिन सम्झौता गरी प्रयोग सम्म गर्ने र स्वामित्व आफैमा रहने गरी थोक विक्रेतालाई प्रदान भएकोलाई अनुमानको भरमा विक्री गरेको भनी मूल्य अभिवृद्धि कर निर्धारण गरी थप दस्तुर जरिवाना र व्याज समेत लगाएको मिलेको छैन भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा, कुनै पनि व्यवसायीले खरिद गर्ने सम्पत्ति विक्री गर्ने वा व्यवसायीक प्रयोजनको लागि स्थिर सम्पत्तिको रुपमा खरिद गरेको हुन्छ । पुनरावेदक बर्जर जोन्सन एण्ड निकोल्सन नेपाल प्रा.लि. ले खरिद गरेको कलर बैंक मेसिन आफ्नो उत्पादनलाई सहज र प्रभावकारी बनाउन थोक विक्रेतालाई प्रयोग सम्म गर्ने अधिकार प्रदान गरी स्वामित्व आफैमा रहने गरी हस्तान्तरण गरेको भन्ने जिकिर लिएको देखिन्छ । पुनरावेदकले सो मेसिन थोक विक्रेतालाई प्रयोग गर्न प्रदान गरेको भनेता पनि सो मेसिन

प्रयोग गर्न दिए वापत सम्झौता गरी धरौटी लिएको र बाँकी रकम किस्ता बन्दी रुपमा थोक विक्रेताबाट लिने भनी सम्झौता भएकोलाई अन्यथा भन्न सकेको अवस्था पनि छैन । कलर बैंक मेसिन पुनरवेदकको स्वामित्वमा रहे भएको, रही रहेको र आफ्नो उत्पादन तथा आय आर्जन गर्ने कार्यमा प्रयोग भइरहेको भनी देखाउन सकेको अवस्था पनि छैन । यसरी पुनरावेदक कम्पनीले खरिद गरेको कलर बैंक मेसिन निजको स्वामित्वमा नरहेको, निजको उद्योगको औद्योगिक प्रयोजनका लागि प्रयोग नभएको र निजको मौज्दातमा रहेको समेत नदेखिंदा पुनरावेदक कम्पनीको स्थिर सम्पत्तिको रुपमा रहेको समेत देखिँदैन ।

१४. मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ५(१) मा नेपाल भित्र आपूर्ति भएका बस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था रहेको र सो कानूनी व्यवस्था बमोजिम पुनरावेदकले करार सम्झौता गरी थोक विक्रेताबाट अग्रिम रुपमा धरौटी लिई कलर बैंक मेसिन प्रदान गरेको र उक्त बस्तु स्थिर सम्पत्ति वा व्यवसायिक मौज्दातको रुपमा पुनरावेदक सँग रहेको समेत नदेखिएको अवस्था हुँदा निजले सो मेसिन विक्री गरेकै मान्नु पर्ने हुन्छ । यसै मुद्दाको लगाउमा रहेको आ.व. २०६४।०६५ मा पच्चीस प्रतिशत, आ.व., ०६८।०६९, ०६९।७० र ०७१।०७२ मा शत् प्रतिशत जरिवाना निर्धारण गरेको हदसम्म केही उल्टी भइ बीस प्रतिशत जरिवाना गर्ने गरी फैसला समेत भैसकेको हुँदा सो फैसलामा विवेचित आधार कारण समेतबाट प्रस्तुत मुद्दामा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २०(१) को (ख) र (घ) को अवस्था विद्यमान हुँदा सो मेसिनको कर निर्धारण गरी निर्धारित करको बीस प्रतिशत जरिवाना थप दस्तुर र व्याज समेत लगाउने गरी भएको कर निर्धारण आदेश र सोलाई सदर गर्ने गरी विभागबाट भएको निर्णयलाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

१५. अतः यसमा स्थायी लेखा नं. ३०००४४९७१ भएका पुनरावेदक करदाता बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. को आ.व. २०६५/०६६ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरू ठूला करदाता कार्यालयको मिति २०६९।११।१३ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।२।३१ मा भएको निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

१६. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ।

१७. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

फाँट

इतिसम्बत २०७६ साल जेठ २८ गतेरोज ३ शुभम......